Far-western University

# सुदूरपश्चिमाञ्चल विश्वविद्यालय

# १० औं स्थापना दिवसको अवसरमा प्रकाशित बुलेटिन

पहिलो अंक
महेन्द्रनगर, कञ्चनपुर
२०७७ असार ०३

# उपकुलपतिको मन्तव्य

सुदूरपश्चिमाञ्चल विश्वविद्यालयको दसौं वार्षिक दिवसको अवसरमा यस विश्वविद्यालयका विद्यार्थी, शिक्षक, कर्मचारी र अभिभावक लगायत सम्पूर्ण शुभेच्छुकहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु । विश्वविद्यालय ज्ञानको पुनरोत्पादन गर्ने स्थल मात्र नभई अध्ययन अनुसन्धान तथा अन्वेषणद्वारा ज्ञानको सिर्जना गर्ने र समालोचनात्मक सोच र चेतनाको माध्यमबाट प्रज्ञानलाई जीवन्त बनाई समाजलाई सुसंस्कृत बनाउने स्थल भएकोले ज्ञान आर्जन र नवचेतनाको सिर्जनाका माध्यमबाट यस विश्वविद्यालयलाई शैक्षिक, साँस्कृतिक केन्द्रका रूपमा विकास गर्न यहाँहरु सबैको चिन्तन एवम् सहयोगको अपेक्षा गर्दछु ।

विश्वविद्यालय स्थापना भएको दस वर्षपछि पनि विश्वविद्यालयसँग आबद्ध क्याम्पसका शिक्षक, कर्मचारीहरूको व्यवस्थापन, शैक्षिक कार्यक्रमहरूको विस्तार, नूतन अनुशासनीय विधाहरूको पहिचान र सञ्चालन, यस क्षेत्रका भौगोलिक एवम् साँस्कृतिक विविधता सम्बन्धी अध्ययन, अनुसन्धान, विश्वविद्यालयको भौतिक सुविधाहरूको विकास, सबल पुस्तकालय र सूचना केन्द्रको निर्माणका साथै ज्ञानको बौद्धिक मन्थनको वातावरण सिर्जना गर्न विश्वविद्यालयले निकै प्रयास गर्नु पर्ने कुरा यहाँहरू सबैलाई विदितै छ । विश्वविद्यालयको भौतिक सुविधाहरूको अभिवृद्धि र यसका शैक्षिक कार्यक्रमहरूको विकास तथा विस्तार गरी विश्वविद्यालयलाई गरिमामय स्वरूप दिनु हामी सबैको दायित्व हुन आउँछ ।

यसै सन्दर्भमा विश्वविद्यालयका नयाँ शैक्षिक कार्यक्रमहरूको थालनी गर्नु र पुराना कार्यक्रमहरूलाई समय सापेक्ष सुधार गर्नु अपरिहार्य छ । आगामी शैक्षिक सत्रबाट विश्वविद्यालयले मानविकी तथा सामाजिकशास्त्र, शिक्षाशास्त्र र वाणिज्यशास्त्रमा दर्शनाचार्य (एम.फिल.) र पाठ्यभारमा आधारित विद्यावारिधि (पीएच.डी.), कानुन संकायमा स्नातक तथा इन्जिनियरिङ, कृषि र प्राकृतिक श्रोत व्यवस्थापन जस्ता विधाहरूमा स्नातक, स्नातकोत्तर कार्यक्रमहरू सञ्चालन गर्ने तयारी भइरहेको छ । यस विश्वविद्यालयका कृषि, इन्जिनियरिङ र भविष्यमा सञ्चालन गर्ने लक्ष्य लिएका स्वास्थ्य विज्ञान तथा चिकित्साशास्त्र जस्ता शैक्षिक कार्यक्रमहरूलाई समाजसँग जोडी जीवन उपयोगी बनाउने तर्फ प्रयास गर्ने चिन्तनमा प्रदेश र स्थानीय सरकारसँग छलफल र सहकार्यको प्रयास गर्ने सोच लिइएको छ ।

सञ्चालित कार्यक्रमहरूलाई प्राज्ञिक रूपमा सबल बनाउनु, विश्वविद्यालयका कार्यशैलीलाई पारदर्शी एवम् उत्तरदायी बनाउनु र समाजमा यस विश्वविद्यालयप्रति सकारात्मक धारणा जगाउन तत्कालिक रूपमा आवश्यक छ । यो लक्ष्य प्राप्तिको लागि यस विश्वविद्यालयका सम्पूर्ण गुरुवर्ग र विद्यार्थीहरूलाई थप प्राज्ञिक चिन्तनतिर उन्मुख भई स्वच्छ र सुसंस्कृत शैक्षिक वातावरणको सिर्जना गर्न विनम्र अनुरोध गर्दछु । हाम्रो सामूहिक प्रयासले अवश्यमेव हामीले यस विश्वविद्यालयको गरिमा एवम् स्थानलाई उकास्न सक्नेछौं भन्ने विश्वास लिएको छु ।

अन्तमा, विश्वविद्यालयको दशौं वार्षिक दिवसको अवसरमा पुनः सबै विद्यार्थी, शिक्षक, कर्मचारी, अभिभावक र आम जनसमुदायलाई कोरोना भाइरसले निम्त्याएको महामारीको यस घडीमा सुरक्षा एवम् सुस्वास्थ्यको कामना व्यक्त गर्दछु । सुदूरपश्चिमाञ्चल विश्वविद्यालयलाई ज्ञानपुञ्जको रूपमा विकास गर्न यहाँहरू सबैको सहृदयी सहयोगको लागि अनुरोध गर्दछु ।

**प्रा. अम्मराज जोशी (पीएच.डी.)**
उपकुलपति
इमेलः vc@fwu.edu.np
फोन नं.: ९७७–९९–५२०७२६
मोबाइल नं.: ९८५८७८४८४६

# रजिष्ट्रारको मन्तव्य

उच्च शिक्षाको अवसर सबै क्षेत्रका जनतालाई उपलब्ध गराई बहुविश्वविद्यालयको अवधारणा अनुरूप नेपाल सरकारको लगानीमा वि.सं. २०६७ असार ३ गते सुदूरपश्चिमाञ्चल विश्वविद्यालयको स्थापना भएको हो । वि.सं. २०६८ सालदेखि यस विश्वविद्यालयको शैक्षिक कार्यक्रमहरू विश्वविद्यालय केन्द्रीय क्याम्पस (तत्कालीन सिद्धनाथ बहुमुखी क्याम्पस) महेन्द्रनगरबाट सुरु गरेर हाल सुदूरपश्चिम प्रदेशका नौ वटै जिल्लाहरूमा १५ वटा क्याम्पसबाट स्नातक र स्नातकोत्तर तहका विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालनमा रहेका छन् ।

विशेषतः सुदूरपश्चिम क्षेत्रको प्राज्ञिक क्षमता र वैभवताको श्रीवृद्धिका लागि र समग्रतामा नेपालको प्राज्ञिक विशिष्टताको लागि यस विश्वविद्यालयको स्थापना भएको हो । विश्वविद्यालय स्थापनाको १० औं वर्ष पार गरुन्जेलसम्म पठन–पाठन कार्यक्रम बाहेक अध्ययन अनुसन्धानको क्षेत्रमा विश्वविद्यालयले विशिष्ट पहिचान बनाउन सकिरहेको छैन् । यस कारण यस क्षेत्रमा आवद्ध प्राध्यापक, कर्मचारी एवं विद्यार्थीहरुले हाम्रो काम गराईमा परिवर्तन गर्नु नितान्त आवश्यक छ । यस सन्दर्भमा हेनरी फोर्डको "If you always do what you've always done, you'll always get what you've always got." अभिव्यक्तिको हामीले पनि अनुसरण गर्नु पर्ने देखिन्छ ।

विश्वविद्यालयको १० औं वार्षिक दिवसको अवसरमा पहिलो पटक बुलेटिन प्रकाशन गर्ने प्रयास गरिएको छ । यस अङ्कमा सुदूरपश्चिमाञ्चल विश्वविद्यालयका विभिन्न निकायहरूको विवरणात्मक जानकारी समवेश गर्ने प्रयास गरिएको छ । विश्वविद्यालयको स्थापना दिवसको यस अवसरमा संस्थाको स्थापना र विकासमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण व्यक्तित्वहरू प्रति आभार व्यक्त गर्न चाहन्छु ।

अन्तमा, यस बुलेटिनमा समावेश विवरणहरू उपलब्ध गराई सहयोग गर्नुहुने विश्वविद्यालयका विभिन्न निकाय प्रमुख, शिक्षक, कर्मचारीहरू एवं यसको प्रकाशनमा सक्रिय भूमिका खेल्ने, अहोरात्र खटिने पदाधिकारी एवम् कर्मचारीहरू प्रति हार्दिक आभार व्यक्त गर्दै विश्वविद्यालय स्थापना दिवसको अवसरमा विश्वविद्यालयको उत्तरोत्तर प्रगतिको कामनासहित सबैमा हार्दिक शुभकामना अर्पण गर्दछु ।

**डा. गोविन्द सिंह विष्ट**
रजिष्ट्रार
इमेलः registrar@fwu.edu.np
फोन नं.: ९७७–९९–५२०७२९
मोबाइल नं.: ९८४८८६११६७

# सुदूरपश्चिमाञ्चल विश्वविद्यालयः संक्षिप्त परिचय

सुदूरपश्चिमाञ्चल विश्वविद्यालयको स्थापना नेपाल सरकारको लागानीमा वि.सं. २०६७ (सन् २०१०) सालमा भएको हो । सुदूरपश्चिमाञ्चल क्षेत्रमा विश्वविद्यालय स्थापना हुनु पर्ने आवश्यकतालाई हृदयंगम गर्दै यस क्षेत्रका आम जनसमुदायले गर्दै आएको प्रयासको फलस्वरुप विश्वविद्यालयको स्थापना भएको हो ।

सुदूरपश्चिमाञ्चल विश्वविद्यालय ऐन, २०६७ को दफा ३ को उपदफा (२) बमोजिम "नेपाल सरकारबाट अनुदान प्राप्त गरी त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पसको रूपमा कञ्चनपुर जिल्लाको भीमदत्त नगरपालिकामा सञ्चालित सिद्धनाथ विज्ञान क्याम्पस र त्रि. वि. बाट सम्बन्धन प्राप्त सिद्धनाथ बहुमुखी क्याम्पस महेन्द्रनगरलाई संयुक्त रूपमा समावेश गरी सोही परिसरमा यो विश्वविद्यालयको स्थापना गरिनेछ" भन्ने प्रावधान बमोजिम वि.सं. २०६८ सालमा सिद्धनाथ बहुमुखी क्याम्पसलाई यस विश्वविद्यालयमा समायोजन गरी विश्वविद्यालयका शैक्षिक कार्यक्रमहरू सञ्चालन गरिदै आएका छन् ।

हाल यस विश्वविद्यालयले सुदूरपश्चिम प्रदेशका ८ जिल्लामा १५ वटा क्याम्पसहरू मार्फत उच्च शिक्षा प्रदान गर्दै आएको छ । यस विश्वविद्यालयले स्नातक तहमा २२ वटा र स्नातकोत्तर तहमा १० वटा शैक्षिक कार्यक्रम सञ्चालन गरिरहेको छ र भविष्यमा स्वास्थ्य विज्ञान संकाय तथा कानुन संकाय थप गर्ने तयारी भैरहेको छ । साथै मानविकी तथा सामाजिक शास्त्र, शिक्षाशास्त्र तथा व्यवस्थापन संकायमा एम. फिल. र पिएच. डी. कार्यक्रम सञ्चालनको पूर्व तयारी पुरा भएको छ ।

सुदूरपश्चिमाञ्चल विश्वविद्यालय भीमदत्त नगरपालिका वडा नं. १८ सालघारीमा ५ विगाहा र वडा नं. १५ मा ७ विगाहा गरी जम्मा १२ विगाहा क्षेत्रफलमा रहेको छ । यसै गरी १५ वटा क्याम्पसहरू आफ्नो स्वामित्वको जग्गामा सञ्चालनमा रहेका छन् ।



# सुदूरपश्चिमाञ्चल विश्वविद्यालयका विभिन्न संकायहरू

## मानविकी तथा सामाजिक शास्त्र संकाय

सुदूरपश्चिमाञ्चल विश्वविद्यालयमा मानविकी तथा सामाजिकशास्त्र संकायले विभिन्न विषयका शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । यस संकाय अन्तर्गत वि.सं. २०६९ सालदेखि विश्वविद्यालय केन्द्रीय क्याम्पस, महेन्द्रनगरमा स्नातक र स्नातकोत्तर तहका कार्यक्रम सञ्चालन हुँदै आएकोमा वि.सं. २०७५ सालमा विश्वविद्यालयले सुदूरपश्चिम प्रदेशका १४ वटा अन्य क्याम्पस समायोजन गरेसँगै उक्त क्याम्पसहरूमा यस संकायका स्नातक र स्नातकोत्तर तहका शैक्षिक कार्यक्रमहरू सञ्चालनमा रहेका छन् ।

हाल स्नातक तहको कार्यक्रम १२ वटा क्याम्पस र स्नातकोत्तर तहको कार्यक्रम ५ वटा क्याम्पसहरूमा सञ्चालित छ । यस संकाय अन्तर्गत स्नातक तहमा १०२४ र स्नातकोत्तर तहमा ३१० विद्यार्थीहरू अध्ययनरत छन् ।

## व्यवस्थापन संकाय

सुदूरपश्चिमाञ्चल विश्वविद्यालय अन्तर्गत व्यवस्थापनका विषयहरू अध्ययन अध्यापन गर्नको लागि व्यवस्थापन संकाय स्थापना भएको हो । व्यवस्थापन शिक्षालाई व्यवस्थित, उपयोगी तथा रोजगारमूलक बनाउन यो संकाय क्रियाशील रहेको छ । यस संकाय अन्तर्गत स्नातक तहमा वार्षिक प्रणालीमा बि.बि.एस. र सेमेष्टर प्रणालीमा बि.बि.ए. कार्यक्रमका साथै स्नातकोत्तर तहमा सेमेष्टर प्रणालीमा एम.बि.एम. कार्यक्रम सञ्चालनमा रहेका छन् ।

विश्वविद्यालयमा शैक्षिक एकरुपता कायम गर्न आगामी शैक्षिक सत्र देखि स्नातक तहको बि.बि.एस. कार्यक्रमलाई सेमेष्टर प्रणालीमा सञ्चालन गर्ने तथा स्नातकोत्तर तहमा एम.बि.ए. कार्यक्रमको साथै एम.फिल. र पीएच. डी. कार्यक्रम सञ्चालनको योजना रहेको छ। हाल यस संकाय अन्तर्गत विभिन्न १३ वटा क्याम्पसहरूमा स्नातक तह तर्फ ३७०० र स्नातकोत्तर तहतर्फ २१४ जना विद्यार्थी अध्ययनरत रहेका छन् ।

## शिक्षाशास्त्र संकाय

सुदूरपश्चिमाञ्चल विश्वविद्यालय शिक्षाशास्त्र संकायका कार्यक्रमहरू वि.सं. २०६९ सालदेखि विश्वविद्यालय केन्द्रीय क्याम्पस महेन्द्रनगरमा र वि.सं. २०७५ सालदेखि अन्य १४ वटा क्याम्पस गरी १५ वटा क्याम्पसहरूमा सञ्चालनमा रहेका छन् ।

यस संकाय अन्तर्गत हाल स्नातक तहमा अंग्रेजी शिक्षा, नेपाली शिक्षा, गणित शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा, जनसंख्या शिक्षा र कम्प्युटर विज्ञान तथा सूचना प्रविधि शिक्षा (B.Ed. CSIT) कार्यक्रमको साथै स्नातकोत्तर तहमा Teaching English to the Speakers of Other Languages (TESOL), नेपाली शिक्षा, गणित शिक्षा, पाठ्यक्रम योजना र नेतृत्व शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा

र विशेष आवश्यकता शिक्षा (Special Need Education) का शैक्षिक कार्यक्रमहरू सञ्चालनमा रहेका छन्।

स्नातकोत्तर तहमा विषेश आवश्यकता शिक्षा दक्षिण कोरियाको Changwon National University को प्राविधिक सहयोगमा विश्वविद्यालय केन्द्रीय क्याम्पस महेन्द्रनगरमा सञ्चालनमा रहेको छ। त्यसै गरी कम्प्युटर विज्ञान तथा सूचना प्रविधि (B.Ed. CSIT) शैक्षिक कार्यक्रम विश्वविद्यालयको केन्द्रीय क्याम्पस सहित दुर्गालक्ष्मी बहुमुखी क्याम्पस अत्तरिया, कैलाली र बडीमालिका क्याम्पस बुढीगङ्गा, बाजुरामा सञ्चालन भइरहेको छ।

यस संकायको स्नातक तहका कार्यक्रमहरू विश्वविद्यालयका सबै क्याम्पसहरूमा र स्नातकोत्तर तहको शैक्षिक कार्यक्रमहरू ८ वटा क्याम्पसहरूमा सञ्चालित छन्। यस संकाय अन्तर्गत स्नातक तहमा ३५०१ र स्नातकोत्तर तहमा ५५८ जना विद्यार्थीहरू अध्ययनरत रहेका छन्। आगामी शैक्षिक सत्रदेखि यस संकाय अन्तर्गत अनुसन्धान उपाधि M. Phil. र Ph. D. कार्यक्रम सञ्चालन गर्ने योजना रहेको छ।

## विज्ञान तथा प्रविधि संकाय

वि.सं. २०६९ सालमा स्थापना भएको विज्ञान तथा प्रविधि संकायले स्थापना कालदेखि स्नातक तहका विभिन्न शैक्षिक कार्यक्रम सञ्चालन गर्दै आएको छ। विश्वविद्यालय केन्द्रीय क्याम्पस महेन्द्रनगरमा स्नातक तहमा सामान्य विज्ञान (भौतिकशास्त्र, गणित, रसायनशास्त्र, वातावरण विज्ञान, सूक्ष्म जीवविज्ञान, प्राणीशास्त्र) र कम्प्युटर विज्ञान तथा सूचना प्रविधि (CSIT) र गोकुलेश्वर बहुमुखी क्याम्पस गोकुलेश्वर दार्चुलामा सामान्य विज्ञान अन्तर्गतका विषयहरू सञ्चालनमा रहेका छन्। हाल यस संकाय अन्तर्गत २८६ जना विद्यार्थीहरू अध्ययनरत रहेका छन्।

यस संकायले भविष्यमा स्नातक तहमा वनस्पतिशास्त्र र तथ्यांकशास्त्रको साथै स्नातकोत्तर तहमा कम्प्युटर विज्ञान तथा सूचना प्रविधि (M. Sc. CSIT) कार्यक्रम सञ्चालन गर्ने योजना रहेको छ।

## इन्जिनियरिङ संकाय

वि.सं. २०७० सालमा विज्ञान तथा प्रविधि संकाय स्कुल अफ इन्जिनियरिङ अन्तर्गत स्नातक तहमा ४ वर्षे सिभिल इन्जिनियरिङ विषयमा अध्ययन अध्यापन कार्य सुरू भएको हो। वि.सं. २०७३ सालमा इन्जिनियरिङ संकायको स्थापना भएपश्चात विश्वविद्यालय केन्द्रीय क्याम्पस महेन्द्रनगर परिसरमा सिभिल इन्जिनियरिङ विभागबाट सिभिल इन्जिनियरिङको शैक्षिक कार्यक्रम सञ्चालनमा रहेको छ।

दक्ष प्राध्यापकहरूबाट अध्ययन अध्यापन हुँदै आएको यस कार्यक्रममा प्रतिस्पर्धाको वरियताक्रमका आधारमा प्रत्येक वर्ष ४८ जना विद्यार्थी भर्ना लिने गरिएको छ भने हालसम्म ३ समूह (ब्याच) का विद्यार्थीहरू उपाधि प्राप्त गरी विभिन्न सरकारी एवम् गैर सरकारी क्षेत्रमा सेवारत रहेका छन्। प्राविधिक शिक्षामा समतामुलक पहुँचका लागि यस संकायले प्रतिस्पर्धाको वरियताक्रमको आधारमा ५० प्रतिशत छात्रवृत्ति प्रदान गर्दै आएको छ। प्रवेश परीक्षामा उत्कृष्ट अंक प्राप्त गर्ने प्रथम १ जना महिला सहित

७ जना, सुदूरपश्चिम प्रदेशका ९ वटै जिल्लाका लागि ९ जना, समावेशी तर्फ महिला, मधेशी, आदिवासी/जनजाति, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रका १/१ जना गरी जम्मा ६ जना र सुदूरपश्चिमाञ्चल विश्वविद्यालयका शिक्षक, कर्मचारी वा निजका सन्ततिका लागि २ जना गरी जम्मा २४ जनालाई छात्रवृत्ति प्रदान गरिदै आएको छ। यस संकाय अन्तर्गत जम्मा १९१ जना विद्यार्थीहरू अध्ययनरत रहेका छन्।

आगामी शैक्षिक सत्र २०७७/०७८ देखि स्नातक तहमा Computer Engineering र स्नातकोत्तर तहमा Construction Project Management शैक्षिक कार्यक्रम सञ्चालन गर्ने योजना रहेको छ।

## कृषि विज्ञान संकाय

सुदूरपश्चिम प्रदेशका बासिन्दाको जीवनस्तर उकास्नका लागि कृषि शिक्षा, कृषि प्रसार र कृषि अनुसन्धानलाई सँगै लिएर जान सुदूरपश्चिमाञ्चल विश्वविद्यालयले वि.सं. २०७५ साल श्रावण महिनामा कृषि विज्ञान संकायको स्थापना गरी स्नातक तहमा ४ वर्षे B.Sc.Ag. कार्यक्रम सञ्चालनमा ल्याएको छ।

कैलाली जिल्लाको टीकापुर बहुमुखी क्याम्पस टीकापुरमा यस संकायका कार्यक्रम सञ्चालनमा रहेका छन्। प्रत्येक वर्ष १०० जना विद्यार्थी भर्ना गरिने यस कार्यक्रममा हाल दोस्रो सेमेष्टरमा ९६ र चौथो सेमेष्टरमा ९४ जना गरी कुल जम्मा १९० जना विद्यार्थीहरू अध्ययनरत छन्।

प्रवेश परीक्षाको प्रतिस्पर्धाका आधारमा २५ जना (महिला, दलित, आदिवासी/जनजाति, फरक क्षमता भएका, सुदूरपश्चिमका ९ जिल्ला तथा दुर्गम क्षेत्र समेट्ने गरी) विद्यार्थीका लागि छात्रवृत्ति कोटा प्रदान गरिदै आएको छ। कृषि विज्ञान संकाय प्रारम्भिक अवस्थामा रहेको भएता पनि यस सँग ६ वटा प्रयोगाशाला कक्षहरूको साथै विद्यार्थीको प्रयोगात्मक कार्यका लागि टीकापुर बहुमुखी क्याम्पसले आफ्नो ३८० विगाहा मध्ये १२.५ विगाहा जग्गा उपलब्ध गराएको छ।

सुदूरपश्चिम प्रदेशमा यस संकायले कृषि क्षेत्रका विभिन्न विषयहरूको सम्भावनाहरूलाई मध्यनजर गर्दै निकट भविष्यमा स्नातक तहमा पशु विज्ञान र मत्स्य विज्ञानका कार्यक्रमहरूका साथै स्नातकोत्तर तहमा कृषि तथ्यांकशास्त्र तथा एग्रोभेटेरोलोजी विषयहरू सञ्चालन गर्ने योजना रहेको छ।

# सुदूरपश्चिमाञ्चल विश्वविद्यालयका क्याम्पसहरू: संक्षिप्त परिचय

## १. विश्वविद्यालय केन्द्रीय क्याम्पस

वि.सं. २०६९ सालमा यस विश्वविद्यालयमा समायोजन भई हाल केन्द्रीय क्याम्पसको रूपमा सञ्चालित तत्कालीन सिद्धनाथ बहुमुखी क्याम्पस वि.सं. २०३७ सालमा स्थापना भएको हो । कञ्चनपुर जिल्लाको भीमदत्त नगरपालिका वडा नं. १८ मा अवस्थित यो क्याम्पस १४.०२ विगाहा क्षेत्रफलमा फैलिएको छ।

सुदूरपश्चिमाञ्चल विश्वविद्यालयका कार्यक्रमहरु शैक्षिक सत्र २०६९/०७० सालदेखि स्नातक र २०७०/०७१ सालदेखि स्नातकोत्तर तहका शैक्षिक कार्यक्रम सञ्चालन गर्दै आएको यस क्याम्पसमा मानविकी तथा सामाजिकशास्त्र संकाय, व्यवस्थापन संकाय, शिक्षाशास्त्र संकाय, विज्ञान तथा प्रविधि संकाय र इन्जिनियरिङ संकाय गरी पाँच वटा संकायका विभागहरू अन्तर्गत विभिन्न शैक्षिक कार्यक्रम सञ्चालनमा रहेका छन् । यस क्याम्पसमा स्नातक तहमा २९१९ र स्नातकोत्तर तहमा ४१४ गरी कुल जम्मा ३,३३३ जना विद्यार्थीहरू अध्ययनरत रहेका छन् । यस क्याम्पसमा निम्न विभागहरू मार्फत स्नातक र स्नातकोत्तर तहका शैक्षिक कार्यक्रमहरू सञ्चालित रहेका छन्।




## मानविकी तथा सामाजिकशास्त्र विभाग

तत्कालीन सिद्धनाथ बहुमुखी क्याम्पस सुदूरपश्चिमाञ्चल विश्वविद्यालयमा समायोजन भएपश्चात यस विभागको स्थापना भएको हो । यस विभाग अन्तर्गत केन्द्रीय क्याम्पसमा स्नातक तहमा अंग्रेजी, नेपाली, भूगोल, इतिहास, राजनीतिशास्त्र, अर्थशास्त्र, समाजशास्त्र, ग्रामीण विकास, आम संचार तथा पत्रकारिता विषय र स्नातकोत्तर तहमा समाजशास्त्र, ग्रामीण विकास र अंग्रेजी विषय संचालनमा रहेका छन्।

यस विभागमा स्नातक तहमा २२३ जना र स्नातकोत्तर तहमा ९८ जना विद्यार्थीहरू अध्ययनरत रहेका छन्।

## व्यवस्थापन विभाग

त्रिभुवन विश्वविद्यालयको सम्बन्धन प्राप्त तत्कालीन सिद्धनाथ बहुमुखी क्याम्पसमा व्यवस्थापन संकायका शैक्षिक कार्यक्रमहरू सञ्चालन हुँदै आएकोमा यो क्याम्पस वि.सं. २०६९ सालमा सुदूरपश्चिमाञ्चल विश्वविद्यालयमा समायोजन भएपश्चात यस विभागको स्थापना भएको हो।

यस विभाग अन्तर्गत स्नातक तहमा वार्षिक प्रणालीमा बि.बि.एस. कार्यक्रम र सेमेष्टर प्रणालीमा बि.बि.ए. कार्यक्रम तथा स्नातकोत्तर तहमा सेमेष्टर प्रणालीमा एम.बि.एम. कार्यक्रम सञ्चालनमा रहेका छन्।

व्यवस्थापन विभागबाट चालु शैक्षिकसत्र सम्म बि.वि.एस. कार्यक्रममा ४०० जना, बि.बि.ए. कार्यक्रममा २०२ जना र स्नातकोत्तर तहको एम.बि.एम. कार्यक्रममा १६ जना गरी कुल जम्मा ६१८ जना विद्यार्थीहरूले शैक्षिक उपाधि प्राप्त गरेका छन्। यस विभागमा स्नातक तहमा १४९३ जना र स्नातकोत्तर तहमा १४० जना गरी कुल जम्मा १६३३ जना विद्यार्थीहरू अध्ययनरत छन्।

## शिक्षाशास्त्र विभाग

वि.सं. २०६९ सालदेखि सुदूरपश्चिमाञ्चल विश्वविद्यालयको पाठ्यक्रम सञ्चालनमा आएपश्चात यस विभागको स्थापना भएको हो। यस विभाग अन्तर्गत स्नातक तहमा नेपाली शिक्षा, अंग्रेजी शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा, गणित शिक्षा, कम्प्युटर विज्ञान तथा सूचना प्रविधि शिक्षा (B.Ed. CSIT) र स्नातकोत्तर तहमा नेपाली शिक्षा, गणित शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा, TESOL, पाठ्यक्रम, योजना र नेतृत्व शिक्षा विषय सञ्चालन भइरहेका छन्।

यस विभागमा स्नातक तहमा ७४० र स्नातकोत्तर तहमा १७६ जना गरी कुल जम्मा ९१६ जना विद्यार्थीहरू अध्यनरत छन्।

## सामान्य विज्ञान विभाग

विज्ञान तथा प्रविधि संकाय अन्तर्गत विश्वविद्यालय केन्द्रीय क्याम्पसमा यस विभागको स्थापना भई वि.सं. २०७० सालदेखि स्नातक तहमा भौतिक विज्ञान विषयमा र वि.सं. २०७२ सालदेखि जीव विज्ञान, वातावरण विज्ञान, सूक्ष्मजीव विज्ञानको अध्ययन अध्यापन कार्य हुँदै आएको छ।

यस विभागबाट हालसम्म तीन समुह (ब्याच) विद्यार्थीहरूले स्नातक उपाधि प्राप्त गरेका छन्। यस विभागमा कुल जम्मा ११३ जना विद्यार्थीहरू अध्ययनरत छन्।

## कम्प्युटर विज्ञान तथा सूचना प्रविधि विभाग

वि.सं. २०६९ देखि विज्ञान तथा प्रविधि संकाय अन्तर्गत स्नातक तहमा कम्प्युटर विज्ञान तथा सूचना प्रविधि कार्यक्रम सञ्चालन हुँदै आएकोमा वि.सं. २०७४ फाल्गुन महिनामा कम्प्युटर विज्ञान तथा सूचना प्रविधि विभागको स्थापना भई सोही अन्तर्गत हाल स्नातक तहमा कम्प्युटर विज्ञान तथा सूचना प्रविधि कार्यक्रम सञ्चालन हुँदै आएको छ।

यस विभागबाट हाल सम्म चार समूह (ब्याच) का विद्यार्थीहरूले स्नातक उपाधि प्राप्त गरेका छन् भने कुल म्मा १५९ जना विद्यार्थीहरू अध्ययनरत रहेका छन्।

## सिभिल इन्जिनियरिङ विभाग

सुदूरपश्चिमाञ्चल विश्वविद्यालय विज्ञान तथा प्रविधि संकाय अन्तर्गत वि.सं. २०७० सालदेखि स्नातक तहमा ४ (चार) वर्षे सेमेष्टर प्रणालीमा सिभिल इन्जिनियरिङ विषयको अध्ययन अध्यापन कार्य शुरू भएको हो। वि.सं. २०७३ मा इन्जिनियरिङ संकायको स्थापना पश्चात विश्वविद्यालयको केन्द्रीय क्याम्पसमा सिभिल इन्जिनियरिङ विभाग स्थापना भएको हो। यस विभागले न्यून शुल्कमा दक्ष इन्जिनियरिङ जनशक्ति उत्पादन गर्दै आएको छ। यस विभागमा कुल जम्मा १९१ जना विद्यार्थीहरू अध्ययनरत रहेका छन्।

## २. टीकापुर बहुमुखी क्याम्पस



वि.सं. २०७५ सालमा सुदूरपश्चिमाञ्चल विश्वविद्यालयमा समायोजन भएको यो क्याम्पस टीकापुर नगरपालिका वडा नं. ०१ टीकापुरमा अवस्थित छ। वि.सं. २०५८ सालमा स्थापना भई ३८० विगाहा क्षेत्रफलमा फैलिएको यस क्याम्पसले वि.सं. २०७६ सालमा दोस्रो पटक विश्वविद्यालय अनुदान आयोगबाट QAA प्राप्त गर्न सफल भएको छ।

यस क्याम्पसमा मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत स्नातक तहमा अंग्रेजी, अर्थशास्त्र, ग्रामीण विकास, समाजशास्त्र र स्नातकोत्तर तहमा ग्रामीण विकास र समाजशास्त्र विषयका साथै व्यवस्थापन संकाय अन्तर्गत स्नातक तहमा बि.बि.ए र बि.बि.एस. कार्यक्रम तथा स्नातकोत्तर तहमा एम.बि.एम.कार्यक्रम सञ्चालित छन्। शिक्षाशास्त्र संकाय अन्तर्गत स्नातक तहमा अंग्रेजी शिक्षा, नेपाली शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा, गणित शिक्षा र स्नातकोत्तर तहमा TESOL, नेपाली शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा, पाठ्यक्रम योजना र नेतृत्व शिक्षा विषयहरू सञ्चालित छन्।

यस क्याम्पसमा वि.सं. २०७५ सालदेखि कृषि विज्ञान संकाय अन्तर्गत स्नातक तहको B.Sc. Ag. कार्यक्रम सञ्चालनमा आएको छ। यस क्याम्पसमा स्नातक तहमा १६११ र स्नातकोत्तर तहमा २४८ गरी कुल जम्मा १८५९ जना विद्यार्थीहरू अध्ययनरत रहेका छन्।

## ३. दुर्गालक्ष्मी बहुमुखी क्याम्पस



वि.सं. २०७५ सालमा सुदूरपश्चिमाञ्चल विश्वविद्यालयमा समायोजन भएको यो क्याम्पस गोदावरी नगरपालिका वडा नं. ०२ अत्तरियामा अवस्थित छ। यो क्याम्पस वि.सं. २०६३ सालमा स्थापना भई ५.५ विगाहा क्षेत्रफलमा फैलिएको छ।

मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत स्नातक तहमा अंग्रेजी, अर्थशास्त्र, ग्रामीण विकास, समाजशास्त्र, नेपाली विषय, व्यवस्थापन संकायमा स्नातक तहका बि.बि.ए, बि.बि.एस. कार्यक्रम तथा स्नातकोत्तर तहमा एम.बि.एम.कार्यक्रमका साथै शिक्षा शास्त्र संकायमा स्नातक तहमा अंग्रेजी शिक्षा, नेपाली शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा, कम्प्युटर विज्ञान तथा सुचना प्रविधि शिक्षा, गणित शिक्षा र स्नातकोत्तर तहमा TESOL, नेपाली शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा र पाठ्यक्रम, योजना र नेतृत्व शिक्षा विषय संचालनमा रहेका छन्।

यस क्याम्पसमा स्नातक तहमा १२४४ र स्नातकोत्तर तहमा २४८ गरी कुल जम्मा १४९२ जना विद्यार्थीहरू अध्ययनरत रहेका छन्।

## ४. जगन्नाथ बहुमुखी क्याम्पस



बैतडी जिल्लाको सदरमुकाम गोठलापानी दशरथ चन्द नगरपालिका वडा नं. ०४ मा अवस्थित यो क्याम्पस वि.सं.२०४६ सालमा स्थापना भएको हो । ७७ रोपनी क्षेत्रफलमा फैलिएको यस क्याम्पसमा मानविकी तथा सामाजिकशास्त्र संकाय स्नातक तहमा राजनीतिशास्त्र, समाजशास्त्र, अर्थशास्त्र, इतिहास विषय, व्यवस्थापन संकाय तर्फ स्नातक तहमा बि.बि.एस. कार्यक्रम र शिक्षाशास्त्र संकाय स्नातक तहमा अंग्रेजी शिक्षा, नेपाली शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा, गणित शिक्षा र स्नातकोत्तर तहमा नेपाली शिक्षा,पाठ्यक्रम योजना र नेतृत्व शिक्षा विषय सञ्चालित छन्।

यस क्याम्पसमा मानविकी तथा सामाजिकशास्त्र संकायमा ३ जना, व्यवस्थापन संकायमा ९३ जना शिक्षाशास्त्र संकायमा ७१ जना गरी कुल जम्मा १६७ जना विद्यार्थीहरू अध्ययन गरिरहेका छन्।

## ५. जनता बहुमुखी क्याम्पस



अछाम जिल्लाको साँफेबगर नगरपालिका वडा नं. ०६, बयलपाटामा अवस्थित यो क्याम्पस वि.सं. २०४८ सालमा स्थापना भएको हो । ५६ रोपनी क्षेत्रफलमा फैलिएको यस क्याम्पसमा मानविकी तथा सामाजिकशास्त्र संकाय स्नातक तहमा राजनीतिशास्त्र र समाजशास्त्र, व्यवस्थापन संकाय स्नातक तहमा बि.बि.एस. कार्यक्रम, शिक्षाशास्त्र संकाय स्नातक तहमा अंग्रेजी शिक्षा, नेपाली शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा र स्नातकोत्तर तहमा पाठ्यक्रम, योजना र नेतृत्व, शिक्षा नेपाली शिक्षा विषय सञ्चालित रहेका छन्।

यस क्याम्पसमा मानविकी तथा सामाजिकशास्त्र संकायमा १० जना, व्यवस्थापन संकायमा ३९ जना, शिक्षाशास्त्र संकायतर्फ स्नातक तहमा १३४ जना र स्नातकोत्तर तहमा ६२ जना गरी कुल जम्मा २४५ जना विद्यार्थीहरू अध्ययन गरिरहेका छन्।

## ६. दार्चुला बहुमुखी क्याम्पस



दार्चुला बहुमुखी क्याम्पस दार्चुला जिल्ला सदरमुकाम महाकाली नगरपालिका वडा नं. ०४ खलंगामा अवस्थित छ। वि.सं. २०५९ सालमा स्थापना भएको यो क्याम्पस ६ रोपनी क्षेत्रफलमा फैलिएको छ।

यस क्याम्पसमा व्यवस्थापन संकाय स्नातक तहमा बि.बि.एस. कार्यक्रम, शिक्षाशास्त्र संकाय स्नातक तहमा अंग्रेजी शिक्षा, नेपाली शिक्षा, गणित शिक्षा, जनसंख्या शिक्षा र स्नातकोत्तर तहमा नेपाली शिक्षा,पाठ्यक्रम योजना र नेतृत्व विषयका साथै मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत स्नातक तहमा ग्रामीण विकास, समाजशास्त्र र स्नातकोत्तर तहमा ग्रामीण विकास विषय सञ्चालनमा रहेका छन्।

यस क्याम्पसमा स्नातक तहमा ४६० जना र स्नातकोत्तर तहमा ७५ जना गरी कुल जम्मा ५३५ जना विद्यार्थीहरू अध्ययनरत छन्।

## ७. गोकुलेश्वर बहुमुखी क्याम्पस



गोकुलेश्वर बहुमुखी क्याम्पस दार्चुला जिल्लाको शैल्यशिखर नगरपालिका वडा नं. ९ गोकुलेश्वरमा अवस्थित छ। वि.सं. २०६४ सालमा स्थापना भएको यो क्याम्पस ०७ रोपनी क्षेत्रफलमा फैलिएको छ।

यस क्याम्पसमा व्यवस्थापन संकाय स्नातक तहमा बि.बि.एस. कार्यक्रम, शिक्षाशास्त्र संकाय स्नातक तहमा अंग्रेजी शिक्षा, नेपाली शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा, गणित शिक्षा र स्नातकोत्तर तहमा नेपाली शिक्षा, पाठ्यक्रम, योजना र नेतृत्व शिक्षा विषय सञ्चालनमा रहेका छन्। त्यसै गरी विज्ञान तथा प्रविधि संकायमा सामान्य विज्ञानका भौतिकशास्त्र, रसायनशास्त्र, जीव विज्ञान, गणित विषय सञ्चालनमा रहेका छन्।

यस क्याम्पसमा स्नातक तहमा ४२९ र स्नातकोत्तर तहमा ४९ गरी कुल जम्मा ४७८ जना विद्यार्थीहरू अध्ययनरत छन्।

## ८. मणिलेक बहुमुखी क्याम्पस



बैतडी जिल्लाको दक्षिण पश्चिम क्षेत्र मेलौली नगरपालिका वडा नं. ०७ मा अवस्थित यो क्याम्पस वि.सं. २०६६ सालमा स्थापना भएको हो। ५८ रोपनी क्षेत्रफलमा फैलिएको यस क्याम्पसमा व्यवस्थापन संकाय स्नातक तहमा बि.बि.एस. कार्यक्रम, शिक्षाशास्त्र संकाय स्नातक तहमा अंग्रेजी शिक्षा, नेपाली शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा, गणित शिक्षा विषय सञ्चालन रहेका छन्।

स्नातक तहका कार्यक्रमहरू सञ्चालित रहेको यस क्याम्पसमा व्यवस्थापन संकायमा ४१ र शिक्षाशास्त्र संकायमा ११० जना गरी कुल जम्मा १५१ जना विद्यार्थीहरू अध्ययन गरिरहेका छन्।

## ९. पाटन बहुमुखी क्याम्पस



बैतडी जिल्लाको पहिलो सामुदायिक क्याम्पसको रूपमा वि.सं. २०४२ सालमा स्थापना भएको यो क्याम्पस पाटन नगरपालिका वडा नं. ०६ पाटनमा अवस्थित छ।

२० रोपनी क्षेत्रफलमा फैलिएको यस क्याम्पसमा मानविकी तथा सामाजिकशास्त्र संकाय स्नातक तहमा समाजशास्त्र, ग्रामीण विकास, आम संचार तथा पत्रकारिता र व्यवस्थापन संकाय स्नातक तहमा बि.बि.एस. कार्यक्रमको साथै शिक्षाशास्त्र संकाय स्नातक तहमा अंग्रेजी शिक्षा, नेपाली शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा विषय सञ्चालित छन्।

यस क्याम्पसमा मानविकी तथा सामाजिकशास्त्र संकायमा ३१ जना, व्यवस्थापन संकायमा ३४ जना र शिक्षाशास्त्र संकायमा ८६ गरी कुल जम्मा १५१ जना विद्यार्थीहरू अध्ययनरत छन्।

## १०. घण्टेश्वरसेती महाकाली बहुमुखी क्याम्पस



डोटी जिल्लाको जोरायल गाउँपालिका वडा नं. ०४ जोरायलमा अवस्थित यो क्याम्पस वि.सं. २०६४ सालमा स्थापना भएको हो। १०.५ रोपनी क्षेत्रफलमा फैलिएको यस क्याम्पसमा शिक्षाशास्त्र संकाय अन्तर्गत स्नातक तहमा अंग्रेजी शिक्षा, नेपाली शिक्षा र स्वास्थ्य तथा शारीरिक शिक्षा विषय सञ्चालन रहेका छन् । यस क्याम्पसमा कुल जम्मा ५३ जना विद्यार्थीहरु अध्ययनरत छन्।

## ११. सीताराम बहुमुखी क्याम्पस



डोटी जिल्लाको शिखर नगरपालिका वडा नं. ०९ रामाश्रम उच्चाकोटमा अवस्थित यो क्याम्पस वि.सं. २०६५ सालमा स्थापना भएको हो। १२ रोपनी क्षेत्रफलमा फैलिएको यस क्याम्पसमा शिक्षाशास्त्र संकाय स्नातक तहमा अंग्रेजी शिक्षा, नेपाली शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा विषय संचालनमा छन् । यस क्याम्पसमा कुल जम्मा ५६ जना विद्यार्थीहरु अध्ययनरत रहेका छन्।

## १२. त्रिवेणी बहुमुखी क्याम्पस



डडेल्धुरा जिल्लाको भित्रिमधेश क्षेत्र परशुराम नगरपालिका वडा नं. १२ जोगबुडामा अवस्थित यो क्याम्पस वि.सं. २०६४ सालमा स्थापना भएको हो। २८ रोपनी क्षेत्रफलमा फैलिएको यस क्याम्पसमा मानविकी तथा सामाजिकशास्त्र संकाय स्नातक तहमा समाजशास्त्र, अर्थशास्त्र, अंग्रेजी र व्यवस्थापन संकाय स्नातक तहमा बि.बि.एस. कार्यक्रमका साथै शिक्षाशास्त्र संकाय स्नातक तहमा अंग्रेजी शिक्षा, नेपाली शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा विषय सञ्चालनमा रहेका छन्।

यस क्याम्पसमा मानविकी तथा सामाजिकशास्त्र संकायमा ०६ जना, व्यवस्थापन संकायमा १०५ जना र शिक्षाशास्त्र संकायमा २४२ गरी कुल जम्मा ३४७ जना विद्यार्थीहरू अध्ययन गरिरहेका छन्।

## १३. जयपृथ्वी बहुमुखी क्याम्पस



यो क्याम्पस बझाङ जिल्लाको सदरमुकाम चैनपुर नजिक जयपृथ्वी नगरपालिका वडा नं. ११ भोपुरमा अवस्थित छ। वि.सं.२०३८ सालमा स्थापना भई २२९० वर्ग मिटर क्षेत्रफलमा फैलिएको छ।

व्यवस्थापन संकाय स्नातक तहमा बि.बि.एस. कार्यक्रम, शिक्षाशास्त्र संकाय स्नातक तहमा अंग्रेजी शिक्षा, नेपाली शिक्षा, स्वास्थ्य तथा शारीरिक र जनसंख्या शिक्षा विषय सञ्चालनमा रहेका छन्। स्नातकोत्तर तहमा शिक्षाशास्त्र संकायमा पाठ्यक्रम, योजना र नेतृत्व शिक्षाको साथै मानविकी तथा सामाजिक शास्त्र संकायमा ग्रामीण विकास विषय सञ्चालनमा रहेका छन्। यस क्याम्पसमा स्नातक तहमा २३३ र स्नातकोत्तर तहमा ३३ जना गरी कुल जम्मा २६६ जना विद्यार्थीहरू अध्ययनरत छन्।

## १४. बाजुरा क्याम्पस



यो क्याम्पस बाजुरा जिल्लाको सदरमुकाम मार्तडी नजिक बडीमालिका नगरपालिका वडा नं. ०८ मा अवस्थित छ। वि.सं. २०६३ सालमा स्थापना भएको यो क्याम्पस १२ रोपनी क्षेत्रफलमा फैलिएको छ।

व्यस्थापन संकाय स्नातक तहमा बि.बि.एस. कार्यक्रम, शिक्षाशास्त्र संकाय स्नातक तहमा अंग्रेजी शिक्षा, नेपाली शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा, मानविकी तथा सामाजिकशास्त्र संकाय स्नातक तहमा ग्रामीण विकास विषयका कार्यक्रम सञ्चालनमा रहेका छन्। त्यसै गरी स्नातकोत्तर तहमा मानविकी तथा समाजशास्त्र संकायमा ग्रामीण विकास र शिक्षाशास्त्र संकाय अन्तर्गत नेपाली शिक्षा र पाठ्यक्रम, योजना र नेतृत्व विषय सञ्चालित छन्।

यस क्याम्पसमा स्नातक तहमा २०७ जना र स्नातकोत्तर तहमा ११५ जना गरी कुल जम्मा ३२२ जना विद्यार्थीहरू अध्ययन गरिरहेका छन्।

## १५. बडीमालिका क्याम्पस



वि.सं. २०५७ सालमा स्थापना भएको यो क्याम्पस बाजुरा जिल्लाको बुढीगंगा नगरपालिका वडा नं. ०६ मा अवस्थित छ। ९७४० वर्ग मिटर क्षेत्रफलमा फैलिएको यस क्याम्पसमा व्यवस्थापन संकाय स्नातक तहमा बि.बि.एस. कार्यक्रम, शिक्षाशास्त्र संकाय स्नातक तहमा अंग्रेजी शिक्षा, नेपाली शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा र कम्प्युटर विज्ञान तथा सूचना प्रविधि शिक्षा (B.Ed. CSIT), मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत स्नातक तहमा समाजशास्त्र र राजनीतिशास्त्र विषय सञ्चालनमा रहेका छन्।

यस क्याम्पसमा मानविकी तथा सामाजिकशास्त्र संकायमा १७ जना, व्यवस्थापन संकायमा ५६ जना र शिक्षाशास्त्र संकायमा ४१९ जना गरी कुल जम्मा ४९२ जना विद्यार्थीहरू अध्ययनरत छन्।

# सुदूरपश्चिमाञ्चल विश्वविद्यालयद्वारा सञ्चालित शैक्षिक कार्यक्रमहरू

| Faculty | Undergraduate | Graduate |
|---|---|---|
| Humanities and Social Sciences | • Economics and Planning<br>• Political Science<br>• Rural Development<br>• Nepali Language and Literature<br>• English Language and Literature<br>• Sociology<br>• Political Science<br>• Geography and Regional Studies<br>• History and Cultural Studies<br>• Journalism and Mass Communication | • English Language and Literature<br>• Rural Development Studies<br>• Sociology |
| Management | • BBA<br>• BBS | • MBM |
| Education | • English Language Teaching<br>• Nepali Language and Literature<br>• Mathematics<br>• Population<br>• Health and Physical Science<br>• Computer Science and Information Technology | • TESOL<br>• Nepali Language and Literature<br>• Curriculum, Planning and Leadership<br>• Mathematics Education<br>• Health and Physical Education<br>• Special Need Education |
| Science and Technology | • General Science<br>• Computer Science and Information Technology | |
| Engineering | • B.E. Civil Engineering | |
| Agriculture | • B. Sc. Agriculture | |

# विश्वविद्यालयका विभिन्न क्याम्पसमा सञ्चालनमा रहेका शैक्षिक कार्यक्रमको क्याम्पसगत विवरण

| Level | Faculty \ Campus | Central Campus | Tikapur | Durgalaxmi | Treveni | Patan | Jagannath | Manilek | Sitaram | Ghanteswar | Gokuleswar | Darchula | Janata | Bajura | Badimalika | Jayaprithivi |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Undergraduate | Humnities and Social Sciences | English | RD | RD | Sociology | RD | Sociology | | | | | RD | Sociology | RD | Sociology | |
| | | Nepali | Sociology | Economics | Economics | Sociology | Political Sc | | | | | Sociology | Political Sc | Sociology | Political Sc | |
| | | Economics | Economics | English | English | Mass Comm | | | | | | | | | | |
| | | Political Sc | English | Nepali | | | | | | | | | | | | |
| | | History | | Sociology | | | | | | | | | | | | |
| | | Geography | | | | | | | | | | | | | | |
| | | RD | | | | | | | | | | | | | | |
| | | Sociology | | | | | | | | | | | | | | |
| | | Mass Comm | | | | | | | | | | | | | | |
| | Management | BBS | BBS | BBS | BBS | BBS | BBS | BBS | | | BBS | BBS | BBS | BBS | BBS | BBS |
| | | BBA | BBA | BBA | | | | | | | | | | | | |
| | Education | Nepali | Nepali | Nepali | Nepali | Nepali | Nepali | Nepali | Nepali | Nepali | Nepali | Nepali | Nepali | Nepali | Nepali | Nepali |
| | | English | English | English | English | English | English | English | English | English | English | English | English | English | English | English |
| | | Health | Health | Health | Health | Health | Health | Health | Health | Health | Health | Population | Health | Health | Health | Health |
| | | Maths | Maths | Maths | | | | Maths | | | Maths | Maths | | | CSIT | Population |
| | | CSIT | | CSIT | | | | | | | | | | | | |
| | Science | General | | | | | | | | | General | | | | | |
| | | CSIT | | | | | | | | | | | | | | |
| | Engineering | B E (Civil) | | | | | | | | | | | | | | |
| | Agriculture Science | | B Sc (Ag) | | | | | | | | | | | | | |
| Graduate | Humanities & Social Sciences | RD | RD | | | | | | | | | RD | | RD | | RD |
| | | Sociology | Sociology | | | | | | | | | | | | | |
| | | English | | | | | | | | | | | | | | |
| | Management | MBM | MBM | MBM | | | | | | | | | | | | |
| | Education | TESOL | TESOL | TESOL | | | | | | | Nepali | Nepali | Nepali | Nepali | | CPL |
| | | Nepali | Nepali | Nepali | | | | | | | CPL | CPL | CPL | CPL | | |
| | | Maths | Health | Health | | | | | | | | | | | | |
| | | Health | CPL | CPL | | | | | | | | | | | | |
| | | CPL | | | | | | | | | | | | | | |
| | | SNE | | | | | | | | | | | | | | |

## सुदूरपश्चिमाञ्चल विश्वविद्यालय

## शैक्षिक सत्र २०७६।०७७ स्नातक तहको क्याम्पसगत विद्यार्थी विवरण

| क्याम्पसको नाम | मानविकी | व्यवस्थापन | शिक्षा | विज्ञान | इन्जिनियरिङ | कृषि | जम्मा |
|---|---|---|---|---|---|---|---|
| विश्वविद्यालय केन्द्रीय क्याम्पस | २२३ | १४९३ | ७४० | २७२ | १९१ | – | २९१९ |
| टीकापुर बहुमुखी क्याम्पस | ३०३ | ८२० | २९४ | – | – | १९४ | १६११ |
| दुर्गालक्ष्मी बहुमुखी क्याम्पस | २६८ | ६१३ | ३६३ | – | – | – | १२४४ |
| जगन्नाथ बहुमुखी क्याम्पस | ३ | ९३ | ७१ | – | – | – | १६७ |
| गोकुलेश्वर बहुमुखी क्याम्पस | – | ५८ | ३५७ | १४ | – | – | ४२९ |
| दार्चुला बहुमुखी क्याम्पस | ११६ | १०७ | २३७ | – | – | – | ४६० |
| जनता बहुमुखी क्याम्पस | १० | ३९ | १३४ | – | – | – | १८३ |
| मणिलेक बहुमुखी क्याम्पस | – | ४१ | ११० | – | – | – | १५१ |
| पाटन बहुमुखी क्याम्पस | ३१ | ३४ | ८६ | – | – | – | १५१ |
| घण्टेश्वर सेती महाकाली बहुमुखी क्याम्पस | – | – | ५३ | – | – | – | ५३ |
| सीताराम बहुमुखी क्याम्पस | २ | – | ५६ | – | – | – | ५८ |
| त्रिवेणी बहुमुखी क्याम्पस | ०६ | १०५ | १३१ | – | – | – | २४२ |
| जयपृथ्वी बहुमुखी क्याम्पस | – | ५४ | १७९ | – | – | – | २३३ |
| बाजुरा क्याम्पस | ५३ | ५० | १०४ | – | – | – | २०७ |
| बडीमालिका क्याम्पस | १७ | ५६ | ४१९ | – | – | – | ४९२ |
| **जम्मा** | **१०४०** | **३७००** | **३५०१** | **२८६** | **१९१** | **१९४** | **८९१२** |

## सुदूरपश्चिमाञ्चल विश्वविद्यालय

## शैक्षिक सत्र २०७६।०७७ स्नातकोत्तर तहको क्याम्पसगत विद्यार्थी विवरण

| क्याम्पसको नाम | मानविकी | व्यवस्थापन | शिक्षा | विज्ञान | जम्मा |
|---|---|---|---|---|---|
| विश्वविद्यालय केन्द्रीय क्याम्पस | ९८ | १४० | १७६ | – | ४१४ |
| टीकापुर बहुमुखी क्याम्पस | १०४ | ५९ | ८५ | – | २४८ |
| दुर्गालक्ष्मी बहुमुखी क्याम्पस | – | १५ | ७१ | – | ८६ |
| गोकुलेश्वर बहुमुखी क्याम्पस | – | – | ४९ | – | ४९ |
| दार्चुला बहुमुखी क्याम्पस | ५२ | – | २३ | – | ७५ |
| जनता बहुमुखी क्याम्पस | – | – | ६२ | – | ६२ |
| जयपृथ्वी बहुमुखी क्याम्पस | १२ | – | २१ | – | ३३ |
| बाजुरा क्याम्पस मार्तडी | ४४ | – | ७१ | – | ११५ |
| जम्मा | ३१० | २१४ | ५५८ | | १०८२ |

## सुदूरपश्चिमाञ्चल विश्वविद्यालयबाट हालसम्म उपाधि प्राप्त विद्यार्थी विवरण

| वर्ष / कार्यक्रम | सन् २०१६ | सन् २०१७ | सन् २०१८ | सन् २०१९ | सन् २०२० | जम्मा |
|---|---|---|---|---|---|---|
| बि.ए. | २० | १६ | २५ | ०९ | ० | ७० |
| बि.बि.ए. | ४५ | ४३ | ५५ | ५२ | ० | १९५ |
| बि.बि.एस. | १०७ | ९२ | ९२ | ९१ | ० | ३८२ |
| बि.एड. | १२२ | ७६ | ६१ | ५३ | ० | ३१२ |
| बि.ई. | ० | ३० | ३० | २३ | ० | ८३ |
| बि.एस्सी. सिएसआइटी | ०३ | १० | १४ | १० | ० | ३७ |
| बि.एस्सी. | ० | ० | ८ | २७ | ० | ३५ |
| एम.ए. | ०८ | २ | ६ | २३ | २ | ४१ |
| एम.एड. | ३१ | १५ | २८ | २३ | १ | ९८ |
| एम.बि.एम. | ०३ | ० | ४ | ०८ | १ | १६ |
| **जम्मा** | **३३९** | **२८४** | **३२३** | **३१९** | **०४** | **१२६९** |

## सुदूरपश्चिमाञ्चल विश्वविद्यालयः कार्यरत शिक्षक, कर्मचारी विवरण

| पद | स्थायी | अस्थायी | पूर्णकालीन करार | आंशिक करार/ दैनिक ज्यालादारी | जम्मा |
|---|---|---|---|---|---|
| पदाधिकारी | | | | | ११ |
| प्राध्यापक | १० | ० | ० | ० | १० |
| सहप्राध्यापक | २२ | ० | १ | ० | २३ |
| उपप्राध्यापक | १४३ | २१ | ३ | ० | १६७ |
| सहायक प्राध्यापक | ०८ | १३ | १० | ३४ | ६५ |
| शिक्षण सहायक | ० | १६ | ४७ | ५९ | १२२ |
| प्रशिक्षक | ० | ० | ० | ३ | ३ |
| **जम्मा** | **१८३** | **५०** | **६१** | **९६** | **४०१** |
| सह प्रशासक | २ | ० | ० | ० | २ |
| उपप्रशासक | ३ | ० | ० | ० | ३ |
| सहायक प्रशासक | २३ | ० | १ | ० | २४ |
| हेड असिस्टेण्ट | २८ | २ | १ | ० | ३१ |
| ल्याब असिस्टेण्ट(हे.अ. सरह) | ३ | ० | ३ | ० | ६ |
| असिस्टेण्ट (ल्याब बोय सहित) | १९ | ६ | ७ | ० | ३२ |
| सवारी चालक | ५ | ० | २ | ० | ७ |
| इलेक्ट्रिसियन | ० | ० | ० | १ | १ |
| कार्यालय सहयोगी | २९ | ३ | ९ | २ | ४३ |
| सुरक्षा गार्ड/चाकीदार | २ | ० | ६ | १ | ९ |
| बगैंचे | ० | ० | १ | ० | १ |
| कुचिकार/स्वीपर | ० | ० | ३ | २ | ५ |
| **जम्मा** | **११४** | **११** | **३४** | **६** | **१६४** |
| **कुल जम्मा** | **२९७** | **६१** | **९५** | **१०२** | **५६५** |

# सुदूरपश्चिम विश्वविद्यालय
# प्रमुख पदाधिकारीहरू

| क्र.सं. | पद | नाम | ईमेल |
|---|---|---|---|
| १. | उपकुलपति | प्रा.डा. अम्मराज जोशी | vc@fwu.edu.np |
| २. | अध्यक्ष, सेवा आयोग | प्रा.डा. रामकुमार घिमिरे | chair.usc@fwu.edu.np |
| ३. | रजिष्ट्रार | डा. गोविन्द सिंह बिष्ट | registrar@fwu.edu.np |
| ४. | सदस्य, सेवा आयोग | प्रा. डा. मुरारी सिंह | member.usc@fwu.edu.np |
| ५. | डीन, विज्ञान तथा प्रविधि संकाय | प्रा.डा. पुर्ण बहादुर चन्द | dean.science@fwu.edu.np |
| ६. | डीन, व्यवस्थापन संकाय | प्रा. पद्मकान्त जोशी | dean.management@fwu.edu.np |
| ७. | डीन, शिक्षाशास्त्र संकाय | डा. गोविन्द सिंह विष्ट | dean.education@fwu.edu.np |
| ८. | डीन, इन्जिनियरिङ संकाय | डा. किशन दत्त भट्ट | dean.engineering@fwu.edu.np |
| ९. | डीन, कृषि विज्ञान संकाय | डा. लाल प्रसाद अंगाई | dean.agriculture@fwu.edu.np |
| १०. | डीन, मानविकी तथा सामाजिकशास्त्र संकाय | रिक्त | dean.humanities@fwu.edu.np |
| ११. | परीक्षा नियन्त्रक | श्री देव सिंह | info@fwuexam.edu.np |
| १२. | सह परीक्षा नियन्त्रक | डा.प्रेम सिंह भाट | info@fwuexam.edu.np |
| | **क्याम्पस प्रमुख** | | |
| १३. | विश्वविद्यालय केन्दीय क्याम्पस | डा. भुपेन्द्रसिंह बिष्ट | central@fwu.edu.np |
| १४. | टीकापुर बहुमुखी क्याम्पस | श्री केशर बहादुर कुवँर | tikapur@fwu.edu.np |
| १५. | दुर्गालक्ष्मी बहुमुखी क्याम्पस | श्री डम्बर बहादुर पाल | durgalaxmi@fwu.edu.np |
| १६. | त्रिवेणी बहुमुखी क्याम्पस | श्री नवराज नाथ | tribeni@fwu.edu.np |
| १७. | घण्टेश्वर सेती महाकाली बहुमुखी | श्री वासुदेव जोशी | ghanteshwar@fwu.edu.np |
| १८. | सीताराम बहुमुखी क्याम्पस | श्री चेतराज भट्ट | sitaram@fwu.edu.np |
| १९. | जनता बहुमुखी क्याम्पस | श्री कृष्णराज जैशी | janata@fwu.edu.np |
| २०. | बाजुरा क्याम्पस | श्री सुरेश प्रसाद पण्डित | bajura@fwu.edu.np |
| २१. | जयपृथ्वी बहुमुखी क्याम्पस | श्री मोहनराज उपाध्याय | jayaprithivi@fwu.edu.np |
| २२. | पाटन बहुमुखी क्याम्पस | श्री उत्तम सिंह भण्डारी | patan@fwu.edu.np |
| २३. | जगन्नाथ बहुमुखी क्याम्पस | श्री पृथ्वीराज अवस्थी | jagannath@fwu.edu.np |
| २४. | गोकुलेश्वर बहुमुखी क्याम्पस | श्री प्रदिप कुमार जोशी | gokuleshwar@fwu.edu.np |
| २५. | दार्चुला बहुमुखी क्याम्पस | श्री कृष्ण सिंह साउद | darchula@fwu.edu.np |
| २६. | मणिलेक बहुमुखी क्याम्पस | श्री भवानी सिंह नायक | manilek@fwu.edu.np |
| २७. | वडीमालिका बहुमुखी क्याम्पस | श्री बीर बहादुर कट्टुवाल | badimalika@fwu.edu.np |

| विभागीय प्रमुख | | | |
|---|---|---|---|
| २८. | मानविकी तथा समाजशास्त्र विभाग | श्री खगेन्द्र जोशी | hod.humanities@fwu.edu.np |
| २९. | व्यवस्थापन विभाग | श्री शंकरदत्त भट्ट | hod.management@fwu.edu.np |
| ३०. | शिक्षा विभाग | श्री उद्धवदेव भट्ट | hod.education@fwu.edu.np |
| ३१. | सामान्य विज्ञान विभाग | श्री कृष्णदेव पन्त | hod.science@fwu.edu.np |
| ३२. | कम्प्युटर विज्ञान तथा सूचना प्रविधि विभाग | श्री रमेश प्रसाद भट्ट | hod.csit@fwu.edu.np |
| ३३. | इन्जिनियरिङ विभाग | श्री तोरण प्रसाद भट्ट | hod.engineering@fwu.edu.np |
| ३४. | कृषि विज्ञान विभाग | डा. किरन भट्ट | hod.agriculture@fwu.edu.np |

# विश्वविद्यालयका शैक्षिक साझेदार संघ संस्थाहरू

| क्र.सं. | सम्झौता भएका संघ, संस्था | सम्झौता भएको मिति |
|---|---|---|
| १. | सिनावात्रा विश्वविद्यालय, थाइल्याण्ड | वि.सं. २०७० वैशाख १८ गते (1st May, 2013) |
| २. | मध्यपश्चिमाञ्चल विश्वविद्यालय, सुर्खेत | वि.सं. २०७३ चैत्र २४ गते 6th April, 2017 |
| ३. | नेपाल नेत्र ज्योति संघ, काडमाण्डौं | वि.सं. २०७४ श्रावण १९ गते (3rd August 2017) |
| ४. | भीमदत्त नगरपालिका, महेन्द्रनगर | वि.सं. २०७४ मंसिर ०३ गते (19th November 2017) |
| ५. | भाषा आयोग नेपाल, काठमाण्डौं | वि.सं. २०७४ पौष १२ गते (27th January 2019) |
| ६. | छाङ्वाङ राष्ट्रिय विश्वविद्यालय, दक्षिण कोरिया | वि.सं. २०७४ माघ १२ गते (26th January 2018) |
| ७. | नेपाल बैंक लिमिटेड, काठमाण्डौं | वि.सं. २०७५ जेठ १३ गते (27th May 2018) |
| ८. | ग्याङ्साङ राष्ट्रिय विश्वविद्यालय, दक्षिण कोरिया | वि.सं. २०७५ माघ १३ गते (27th January 2019) |

# सुदूरपश्चिमाञ्चल विश्वविद्यालय
# हालसम्म सम्पन्न भएका सभा सम्बन्धी विवरण

| क्र.सं. | सभा | सभाध्यक्ष | मिति | स्थान |
|---|---|---|---|---|
| १. | प्रथम | सम्माननीय प्रधानमन्त्री एवम् कुलपति डा. बाबुराम भट्टराई | २०६९।०६।०५ | होटल हिमालय, ललितपुर । |
| २. | दोस्रो | मन्त्रिपरिषद् अध्यक्ष सम्माननीय खिलराज रेग्मी | २०७०।०५।३० | राष्ट्रिय योजना आयोग, सिंह दरबार, काठमाडौं । |
| ३. | तेस्रो | शिक्षामन्त्री एवम् सहकुलपति माननीय चित्रलेखा यादव | २०७१।०६०६ | शिक्षामन्त्रालय, सिंहदरबार, काठमाडौं । |
| ४. | चौथौं | सम्माननीय प्रधानमन्त्री एवम् कुलपति के.पी.शर्मा ओली | २०७२।०७।१७ | प्रधानमन्त्री निवास बालुवाटार, काठमाडौं । |
| ५. | पाँचौं | सम्माननीय प्रधानमन्त्री एवम् कुलपति पुष्पकमल दाहाल 'प्रचण्ड' | २०७३।०५।१५ | प्रधानमन्त्री निवास बालुवाटार, काठमाडौं । |
| ६. | छैठौं | सम्माननीय प्रधानमन्त्री एवम् कुलपति शेर बहादुर देउवा | २०७४।०४।२६ | प्रधानमन्त्री निवास बालुवाटार, काठमाडौं । |
| ७. | सातौं | सम्माननीय प्रधानमन्त्री एवम् कुलपति के.पी.शर्मा ओली | २०७५।०५।३१ | प्रधानमन्त्री निवास बालुवाटार, काठमाडौं । |
| ८. | विशेष सभा | सम्माननीय प्रधानमन्त्री एवम् कुलपति शेर बहादुर देउवा | २०७४।०९।२९ | केन्द्रीय क्याम्पस, महेन्द्रनगर । |

# सुदूरपश्चिमाञ्चल विश्वविद्यालय सभाद्वारा हाल सम्म स्वीकृत शैक्षिक कार्यक्रमहरू

## मानविकी संकाय

| क्र.स | तह | शैक्षिक कार्यक्रम | स्वीकृत भएको सभा |
|---|---|---|---|
| १. | स्नातक (बि.ए.) | Economics and Planning | प्रथम |
| | | Political Science | |
| | | Rural Development | |
| | | Nepali Language and Literature | |
| | | English language and Literature | |
| | | Sociology | |
| | | Geography and Regional Studies | |
| | | Population Studies | |
| | | History and Cultural Studies | |
| | | Mathematics | |
| | | Journalism and Mass Communication | दोस्रो |
| २. | स्नातकोत्तर (एम.ए.) | Economics | प्रथम |
| | | Applied Economics | |
| | | Economics and Planning | |
| | | Political Science | |
| | | Sociology and Anthropology | |
| | | Geography and Natural Resource Management | |
| | | Peace and Conflict Management | |
| | | Rural Development Studies | |
| | | Eco-Tourism | |
| | | International Relations | |
| | | Nepali Language and Literature | |
| | | Cooperative and Development Studies | |
| | | Mass Communication | |
| | | Mathematics | |
| | | Social Work | |
| | | Gender Studies | |
| ३. | एम.फिल. | Economics | प्रथम |
| | | Applied Economics | |
| | | Economics and Planning | |
| | | History and Cultural Studies | |
| | | Mass Communication | |
| | | Mathematics | |
| | | Journalism | |
| ४. | पीएच. डी. | History and Cultural Studies | प्रथम |
| | | Mass Communication | |
| | | Mathematics | |

## व्यवस्थापन संकाय

| क्र.स | तह | शैक्षिक कार्यक्रम | स्वीकृत भएको सभा |
|---|---|---|---|
| १. | स्नातक | BBA | प्रथम |
| | | BBS | |
| २. | स्नातकोत्तर | MBA | |
| | | E-MBA | |
| | | MBS | |

## शिक्षाशास्त्र संकाय

| क्र.स | तह | शैक्षिक कार्यक्रम | स्वीकृत भएको सभा |
|---|---|---|---|
| १. | स्नातक (बि.एड.) | English Language Teaching | प्रथम |
| | | Nepali Language and Literature | |
| | | Population Studies | |
| | | Mathematics Education | |
| | | Health and Physical Education | |
| | | Computer Science | |
| | | Science Education | |
| | | English Language Teaching | |
| | | Nepali Language and Literature | |
| | | CSIT | तेस्रो |
| २. | स्नातकोत्तर (एम.एड.) | ELT | प्रथम |
| | | TESOL | |
| | | TEFL | |
| | | Nepali Language and Literature | |
| | | Curriculum, Planning and Leadership | |
| | | Mathematics Education | |
| | | Health and Physical Education | |
| | | Population Studies | |
| ३. | एम.फिल. | ELT | प्रथम |
| | | TESOL | |
| | | TEFL | |
| | | Curriculum, Planning and Leadership | |
| ४. | पीएच. डी. | ELT | प्रथम |
| | | TESOL | |
| | | TEFL | |

## विज्ञान तथा प्रविधि संकाय

| क्र.स | तह | शैक्षिक कार्यक्रम | स्वीकृत भएको सभा |
|---|---|---|---|
| १. | स्नातक | Physics | प्रथम |
| | | Mathematics | |
| | | Chemistry | |
| | | Statistics | |
| | | Electronics | |
| | | Geology | |
| | | Computer Science | |
| | | Botany | |
| | | Zoology | |
| | | Environment Science | |
| | | Genetics | |
| | | Microbiology | |
| | | Ecology | |
| | | Conservation Studies | |
| २. | स्नातकोत्तर | Physics | प्रथम |
| | | Mathematics | |
| | | Genetics | |
| | | Microbiology | |
| | | Computer Science | |
| | | Botany | |
| | | Zoology | |
| | | Geology | |
| | | Environment Science | |
| | | Statistics | |
| ३. | एम.फिल. | Physics | प्रथम |
| | | Chemistry | |
| | | Mathematics | |
| | | Botany | |
| ४. | पीएच. डी. | Physics | प्रथम |
| | | Chemistry | |
| | | Mathematics | |
| | | Botany | |

## इन्जिनियरिङ संकाय

| क्र.स | तह | शैक्षिक कार्यक्रम | स्वीकृत भएको सभा |
|---|---|---|---|
| १. | स्नातक | Civil Engineering | पाँचौं |
| | | Computer Engineering | |
| | | Electronics and Electrical Engineering | |
| | | Mechanical Engineering | |
| २. | स्नातकोत्तर | Civil Engineering | |
| | | Geological Engineering | |
| | | Engineering Management | |

## कृषि विज्ञान संकाय

| क्र.स | तह | शैक्षिक कार्यक्रम | स्वीकृत भएको सभा |
|---|---|---|---|
| १. | स्नातक | Agriculture | छैठौं |

## स्वास्थ्य विज्ञान संकाय

| क्र.स | तह | शैक्षिक कार्यक्रम | स्वीकृत भएको सभा |
|---|---|---|---|
| १. | स्नातक | B.N. | प्रथम |
| | | B.Sc. Nursing | |
| | | BPH | |
| | | Health Science | |

## प्राकृतिक स्रोत व्यवस्थापन संकाय

| क्र.स | तह | शैक्षिक कार्यक्रम | स्वीकृत भएको सभा |
|---|---|---|---|
| १. | स्नातक | Herbal Science | प्रथम |
| | | Animal Science | |
| | | Forestry | |
| | | Agriculture | |
| | | Conservation | |
| २. | स्नातकोत्तर | Forestry | प्रथम |
| | | Herbal Science | |
| | | Agriculture | |
| | | Natural Resource Management | |
| | | Water Resource Management | |

## कानुन संकाय

| क्र.स | तह | शैक्षिक कार्यक्रम | स्वीकृत भएको सभा |
|---|---|---|---|
| १. | स्नातक | LLB | प्रथम |
| २. | स्नातकोत्तर | LLM | |

## सुदूरपश्चिमाञ्चल विश्वविद्यालय

केन्द्रीय कार्यालय
भीमदत्त नगरपालिका-१८, महेन्द्रनगर, कञ्चनपुर
वेभसाइटः www.fwu.edu.np
इ-मेलः info@fwu.edu.np
फोन नं. ०९९ ५२०७२९
फ्याक्स नं. ०९९ ५२०७२७